संघीय संसद
राष्ट्रिय सभा
तेह्रौं अधिवेशन
बैठक-१८
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:०१ बजे*
*बैठक स्थगित : १:३८ बजे*
*बैठक प्रारम्भ : २:०२ बजे*
*बैठक स्थगित : ४:२५ बजे*

२०८० बैसाख १३ गते, बुधबार

---

संघीय संसद, राष्ट्रिय सभाको तेह्रौं अधिवेशनको अठारौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न १:०१ बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले **शून्य समय**मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो:

**माननीय अनिता देवकोटाले** भारत र नेपाल जोड्ने दाङ कुण्डावास नाका कुनै समय नेपालको प्रमुख नाका मध्येमा पर्ने गरेकोमा हाल नगन्य मात्रामा मालसामान आयात निर्यात हुने नाकाको रुपमा रहेको बताउनुहुँदै उक्त नाका पूर्ववत रुपमा चलाउन र रासि विज्ञान प्रतिष्ठान सञ्चालनका लागि बजेटको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय खिमलाल देवकोटा**ले प्रधानमन्त्रीको कार्यकाल दुई पटक, सांसद र मन्त्रीको कार्यकाल तीन पटक, पार्टी वा दलको नेतृत्व दुई कार्यकाल भन्दा बढी हुन नपाउने, प्रत्यक्ष निर्वाचन प्रणालीमा नै समावेशीकरणको सिद्धान्त अवलम्बन गरी समानुपातिक निर्वाचन प्रणाली खारेज गर्नुपर्ने, प्रतिनिधि सभा र प्रदेश सभाको सदस्यको सङ्ख्या १६५ र ३३० मा सीमित गर्नुपर्ने, अदालत संबैधानिक निकाय, राजदुत, विश्वविद्यालयमा दलीय भागबण्डाका आधारमा गरिने नियुक्ति र सार्वजनिक संस्थानहरूमा पार्टी कार्यकर्ता भर्ना गर्ने काम बन्द गर्नुपर्ने लगायतका विषयहरूको उठान गर्नुभयो।

**माननीय दिलकुमारी रावल थापा (पार्वती)**ले विद्यार्थीले पाठ्यपुस्तक समयमा नपाउने स्थिति रहेको बताउनुहुँदै दुर्गममा पनि शैक्षिक सत्रको शुरूवातमा नै पाठ्यपुस्तक पुऱ्याउने व्यवस्था गर्न सरकार समक्ष माग गर्नुभयो। सुख्खा याम सँगै आगजनीका घटना बढ्दै गइरहेको र वातावरणमा असर परेको बताउनुहुँदै यसको नियन्त्रण र व्यवस्थापनका लागि प्रभावकारी कदम चाल्नुपर्नेमा जोड दिनुभयो।

**माननीय प्रकाश पन्थ**ले संघीयतामा पनि केन्द्रमुखी प्रणाली रहेको बताउनुहुँदै संघीयता कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहमा स्रोत र अधिकार प्रदान गरी केन्द्रले अनुगमन गर्नुपर्ने, सेवा प्रवाहमा र स्थानीय तहलाई जनमुखी बनाउनुपर्ने, शिक्षा र स्वास्थ्यमा नागरिक पहुँच पुऱ्याउने जस्ता विषयमा सम्बन्धित निकाय र सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय डा. बिमला राई पौड्याल**ले राष्ट्रपतिको उपचारको बारेमा सरकारले संसदमा जानकारी गराउनुपर्ने बताउनुहुँदै नेपालको अस्पतालमा कुन कुन रोगको उपचार हुन्छ र कुन कुन रोगको उपचार हुँदैन र यसको सुधारको लागि के गर्न सकिन्छ त्यसतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सिंगबहादुर विश्वकर्मा**ले सिन्धुपाल्चोकको जुगल गाउँपालिकामा निर्माणाधीन मेसिमा खोला जलविद्युत आयोजनामा निर्माण कार्य गरिरहेको सीता हाइड्रो पावर कम्पनीको लापरवाहीको कारण करेन्ट लागेर नोर्जी तामाङको मृत्यु भएको र केही व्यक्तिहरू घाइते भएको विषयमा स्थानीय समुदायले

पीडितको न्याय र क्षतिपूर्तिकोलागि माग गरिरहेको तर आयोजनाले न्याय र क्षतिपुर्तिको सट्टा २२ जना स्थानीय विरूद्ध मुद्दा दायर गरेको बताउनुहुँदै उक्त घटनाको निष्पक्ष छानविन गर्न माग गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै राष्ट्रपतिको कार्यालयबाट प्राप्त मन्त्री तथा राज्यमन्त्रीको नियुक्ति एवं कार्यभार तोकिएको सम्बन्धी पत्रहरूको ब्यहोरा सभा समक्ष प्रस्तुत गर्नुभयो।

**" विषयः मन्त्री तथा राज्यमन्त्रीको नियूक्ति तथा कार्यभार सम्बन्धमा।**

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यूको नेतृत्वमा मिति २०७९/९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा मिति २०८०/०१/०३ गते देहायबमोजिम मन्त्री तथा राज्यमन्त्रीको नियुक्ति र कार्यविभाजन गर्नु भएको ब्यहोरा अनुरोध गर्दछु।

| क्र.सं. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री नारायण प्रकाश साउद | मन्त्री | परराष्ट्र मन्त्रालय |
| २. | श्री नन्दा चपाई | राज्यमन्त्री | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |

(यादवप्रसाद कोइराला)

सचिव

२०८०/१/३"

**" विषयः मन्त्रीको कार्यभार तोक्नु भएको सम्बन्धमा।**

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले संवत् २०७९/९/११ गते गठित मौजुदा मन्त्रिपरिषद्मा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूले सम्हाली आउनुभएकोमा प्रधानमन्त्रीज्यूको सिफारिसमा उक्त मन्त्रालयको कार्यभार माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री पूर्णबहादुर खड्काले सम्हाल्ने गरी तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

(यादवप्रसाद कोइराला)

सचिव

२०८०/१/५"

त्यसपछि, सम्माननीय अध्यक्षले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त मन्त्रिपरिषद् सदस्यको कार्यभार तोकिएको सम्बन्धी पत्रको ब्यहोरा सभा समक्ष प्रस्तुत गर्नुभयो।

"माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री अमन लाल मोदी संयुक्त राष्ट्रसंघको मुख्यालय न्यूयोर्कमा आयोजना हुने **"ट्वान्टि-सेकेण्ड सेसन अफ द युनाइटेड नेसन्स परमानेन्ट फोरम अन इन्डिजेनस् इस्यूज्"** कार्यक्रममा सहभागी हुन मिति २०८० वैशाख १ गते त्यसतर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको सङ्घीय मामिला तथा सामान्य प्रशासन

मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु।

(शंकरदास बैरागी)

मुख्यसचिव

२०८०/१/३ ”

तत्पश्चात्, सम्माननीय अध्यक्षले संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ नियम २५ को उपनियम (२) बमोजिम संसदीय सुनुवाई समितिमा राष्ट्रिय सभाबाट देहाय बमोजिमका माननीय सदस्यहरूको नाम मनोनयन गरेको जानकारी गराउनुभयो।

१. माननीय सदस्य जग प्रसाद शर्मा

२. माननीय सदस्य देवेन्द्र दाहाल

३. माननीय सदस्य रमेश जंग रायमाझी

तदुपरान्त, सम्माननीय अध्यक्षले प्रस्तावित नामलाई सभाको सहमति जनाइदिनुहुन अनुरोध गर्नुहुँदा संसदीय सुनुवाई समितिमा प्रस्तावित नामलाई सभाले सहमति जनायो।

त्यसपछि, सम्माननीय अध्यक्षले **माननीय** मदन **कुमारी शाह (गरिमा) प्रस्तावक र माननीय अनिता देवकोटा**, **माननीय खिमलाल देवकोटा**, **माननीय जयन्ती देवी राई**, **माननीय जितेन्द्र नारायण देव**, **माननीय तुल प्रसाद विश्वकर्मा**, **माननीय दिल कुमारी रावल थापा (पार्वती)**, **माननीय प्रमिला कुमारी**, **माननीय डा. विमला राई पौड्याल**, **माननीय शेखर कुमार सिंह र माननीय सुरेश कुमार आले मगर** समर्थक भई **"सुदृढ अर्थतन्त्र निर्माण गर्नका लागि अल्पकालीन**, **मध्यकालीन र दीर्घकालीन नीति र योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने"** भन्ने विषयको जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता गर्नु भएको ब्यहोरा जानकारी गराउनुहुँदै उक्त प्रस्तावको प्रस्तावक माननीय मदन कुमारी शाह (गरिमा) लाई उक्त प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभयो।

माननीय मदन कुमारी शाह(गरिमा)ले प्रस्ताव पेस गरिरहँदा विपक्षी दलका प्रमुख सचेतक माननीय भैरव सुन्दर श्रेष्ठले उठेर विरोध जनाउनुभयो । सम्माननीय अध्यक्षले माननीय सदस्यलाई बस्नको लागि आग्रह गर्नुहुँदै प्रस्ताव पेस गर्नका लागि पुनः मदन कुमारी शाह(गरिमा)लाई अनुरोध गर्नुहुँदा प्रस्ताव सभा समक्ष पेस गर्नुभयो।

प्रस्ताव पेस भइसकेपछि विपक्षी दलका सचेतक भैरव सुन्दर श्रेष्ठ र नेता माननीय देवेन्द्र दाहालले अर्थमन्त्रीको उपस्थिति नभएको बताउनुहुँदै उठेर विरोध जनाउनुभएपछि विपक्षी दलका उपस्थित सम्पूर्ण माननीय सदस्यहरूले उठेर विरोध जनाउनुभयो। सम्माननीय अध्यक्षले पटक पटक बस्नका लागि आग्रह गर्नुहुँदा पनि माननीय सदस्यहरूले विरोध जनाइरहनुभएपछि १४ मिनेटको लागि बैठक स्थगित भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले १४ मिनेटका लागि स्थगित भएको बैठकको कारवाही प्रारम्भ भएको जानकारी गराउनुहुँदै समर्थकको तर्फबाट देहायबमोजिमका माननीय सदस्यहरूलाई उक्त प्रस्तावको समर्थन गर्न क्रमशः समय उपलब्ध गराउनुभयो:

१. माननीय अनिता देवकोटा
२. माननीय खिमलाल देवकोटा
३. माननीय जयन्ती देवी राई
४. माननीय जितेन्द्र नारायण देव
५. माननीय तुल प्रसाद विश्वकर्मा (अनुपस्थित)
६. माननीय दिल कुमारी रावल थापा(पार्वती)
७. माननीय प्रमिला कुमारी
८. माननीय डा. विमला राई पौड्याल
९. माननीय शेखर कुमार सिंह
१०. माननीय सुरेश कुमार आले मगर (अनुपस्थित)

तत्पश्चात्, सम्माननीय अध्यक्षले **"सुदृढ अर्थतन्त्र निर्माण गर्नका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति र योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने"** भन्ने विषयको जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी गराउनुभएपछि देहाय बमोजिमका माननीय सदस्यहरूले छलफलमा भाग लिनुभयो।

१. माननीय राजेन्द्र लक्ष्मी गैरे
२. माननीय प्रकाश पन्थ
३. माननीय देवेन्द्र दाहाल
४. माननीय भैरब सुन्दर श्रेष्ठ
५. माननीय विमला घिमिरे
६. माननीय माया प्रसाद शर्मा
७. माननीय भगवती न्यौपाने
८. माननीय राम चन्द्र राई
९. माननीय जग प्रसाद शर्मा
१०. माननीय गोपाल भट्टराई
११. माननीय सुमित्रा वि.सी.

सम्माननीय अध्यक्षले उक्त जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै माननीय अर्थमन्त्री प्रकाशशरण महतलाई "सुदृढ अर्थतन्त्र निर्माण गर्नका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति र योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने" भन्ने विषयको जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमाथिको छलफलका क्रममा उठेका विषयहरूको सम्बन्धमा जवाफ दिन समय उपलब्ध गराउनुभयो । त्यसपछि माननीय अर्थमन्त्रीले सभासमक्ष जवाफ दिनुभयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक २०८० साल वैशाख १४ गते बिहीबार ०१ बजेर ०१ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव